जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ५७ २०८३ साल असोज ९ गते शुक्रबार (25 Sep 2026 Friday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विपद्पछिको मानसिक स्वास्थ्य... ३ पृष्ठमा : पत्रकारिताको व्यावसायिकता र ... ३ पृष्ठमा :युक्रेन युद्धमा ४७ देशका..

# आमसञ्चार प्राधिकारण मधेशबाटै एफएम रेडियो तथा टेलिभिजनको दर्ता, नवीकरणलगायतका कार्य हुने

**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।**

सूचना तथा प्रसारण विभागले मधेश प्रदेशमा सञ्चालनमा रहेका एफएम रेडियो तथा टेलिभिजन सम्बन्धी फायलहरु आमसञ्चार प्राधिकरण मधेश प्रदेशलाई हस्तान्तरण गरेको छ ।

काठमाडौंस्थित सूचना तथा प्रसारण विभागको कार्यालयमा बिहीबार विभागका महानिर्देशक अनुप दाहालले आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गालाई उक्त फायलहरु हस्तान्तरण गरेका हुन् ।

फायल प्रदेशमा आएपछि अब एफएम रेडियो तथा टेलिभिजनसँग सम्बन्धित दर्ता, नवीकरणलगायतका कामका लागि सञ्चार संस्था सञ्चालकले काठमाडौं जानुपर्ने अवस्थाको अन्त्य हुने प्राधिकरणले जनाएको छ ।

फायल बुझेपछि प्राधिकरणका अध्यक्ष खड्गाले मधेश प्रदेशका एफएम रेडियो तथा टेलिभिजन सञ्चालकहरुले अब उपरान्त रेडियोको दर्ता तथा नवीकरणलगायतका सामान्य कामका लागि सञ्चार संस्था सञ्चालकले काठमाडौं धाउनुपर्ने बाध्यता हटेको बताउँदै यस्ता काम अब जनकपुरधामस्थित आमसञ्चार प्राधिकरणको कार्यालयबाटै हुने जनाए ।

अध्यक्ष खड्गाले यसबाट सञ्चार क्षेत्रका सेवाग्राहीलाई सहज सेवा उपलब्ध हुनुका साथै मधेश प्रदेश सरकारको राजस्व संकलनमा समेत योगदान पुग्ने बताए ।

'यस कार्यले मधेश प्रदेश सरकारलाई राजस्व उपलब्ध गराउने कार्यालयमध्ये आमसञ्चार प्राधिकरणलाई अग्रणी स्थानमा पुऱ्याउनेछ,' उनले भने, 'प्राधिकरणको पछिल्लो कार्यलाई ठूलो उपलब्धिका रूपमा लिएको छु ।'



सूचना तथा प्रसारण विभागका महानिर्देशक अनुप दाहालले आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गालाई फायलहरु हस्तान्तरण गर्दै । *तस्बिर : आमसञ्चार प्राधिकरण मधेश*

आमसञ्चार प्राधिकरणमा एफएम रेडियो तथा टेलिभिजनसँग सम्बन्धित दर्ता, नवीकरणलगायतबाट संकलन हुने राजश्वले मधेश प्रदेशका संचारक्षेत्रलाई सबल बनाउन सहयोग पुग्ने उनको विश्वास छ ।

हाल मधेश प्रदेश सरकारलाई घरेलु तथा साना उद्योग कार्यालय, यातायात कार्यालयपछी आमसञ्चार प्राधिकरणले राजश्व प्रदान गर्ने भएको छ ।

नेपालको संविधान तथा मधेश प्रदेश सञ्चार ऐनले रेडियो तथा टेलिभिजनको दर्ता र नवीकरण प्रदेशबाटै गर्ने व्यवस्था गरेको भए पनि आवश्यक फायल केन्द्रबाट प्रदेशमा नआउँदा कार्यान्वयनमा समस्या हुँदै आएको अध्यक्ष खड्गाको भनाइ छ ।

अध्यक्ष खड्गाका अनुसार विगत सात वर्षदेखि सूचना तथा प्रसारण विभागमा रहेका ती फायल प्रदेशमा ल्याउने प्रयास हुन सकेको थिएन । त्यसका कारण सञ्चार संस्था सञ्चालकहरू प्रदेशबाटै पाउनुपर्ने सेवाबाट वञ्चित हुँदै आएका थिए ।

अध्यक्ष खड्गाले आफूले जिम्मेवारी सम्हालेकै दिनदेखि रेडियो तथा टेलिभिजनका फायल प्रदेशमा ल्याउने विषयमा निरन्तर पहल गर्दै आएको बताए । फायल हस्तान्तरणका क्रममा देखिएको कानुनी जटिलता समाधान गर्न मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको महत्वपूर्ण सहयोग रहेको उनले बताए । तत्कालीन गृहसचिव गणेश नायकको समेत सहयोगले फाइल प्राधिकरणमा ल्याउन सफल भएको खड्गाको भनाइ छ ।

## ईभी गाडी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, ८ असोज ।**

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत रौतहटको धनसार-जङ्गलसहिया सडकखण्डमा ईभी गाडी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार एकजना गम्भीर घाइते भएका छन् ।

दुर्घटनामा मृत्यु हुनेमा जिल्लाको फतुवा विजयपुर नगरपालिका ५ सन्तपुर दोस्तियाका २० वर्षीय सन्देश यादव छन् । घाइते हुनेमा कटहरिया नगरपालिका ८ बलुवा टोलका २० वर्षीय राजगीर यादव रहेका छन् ।

प्रहरीका अनुसार बुधबार साँझ गुजरा नगरपालिका ३ स्थित धनसार गेटबाट करिब एक किलोमिटर दक्षिण कल्भर्ट नजिक दुर्घटना भएको हो । निजगढतर्फबाट आउँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०५९५ नम्बरको ईभी र विपरीत दिशाबाट आउँदै गरेको बा ८५ प ४६२५ नम्बरको मोटरसाइकल आमनेसामने ठोक्किएका थिए ।

घटनालगत्तै प्रहरीले दुवै घाइतेलाई उद्धार गरी चन्द्रपुरस्थित शिविल अस्पताल पुऱ्याएको थियो । उपचारका क्रममा साँझ करिब ७ बजे सन्देशको मृत्यु भएको प्रहरीले जनाएको छ । सन्देशको मृत्यु भएपछि राजगीरलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ ।

## उच्च सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ, ८ असोज (रासस) ।

सम्भावित भारीदेखि अति भारी वर्षाका कारण बाढी, पहिरो तथा डुबानलगायत विपद्जन्य अवस्था सिर्जना हुनसक्ने भन्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य क्षेत्रलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

मौसम पूर्वानुमान महाशाखाबाट जारी सूचनालाई दृष्टिगत गर्दै उक्त मन्त्रालयले प्रदेशका स्वास्थ्य, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा सङ्घीय अस्पताललाई सम्भावित जोखिम न्यूनीकरण र प्रभावकारी प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाउन अनुरोध गरेको छ ।

मन्त्रालयले सार्वजनिक बिदाका दिनमा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई आवश्यकताअनुसार सम्पर्कमा रहने र विपद्को अवस्थामा तत्काल परिचालन हुनसक्नेगरी पूर्वतयारी गर्न निर्देशन दिएको छ ।

प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रलाई चौबिसै घण्टा सञ्चालन गर्न मन्त्रालयले आग्रह गरेको छ ।

## प्रधानमन्त्री राहत कोषमा १५ अर्ब नाघ्यो

काठमाडौँ, ८ असोज (रासस) ।

रसुवाको भोटेकोशी नदीमा आएको बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्नेक्रम जारी छ ।

हालसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषका सबै खातामा गरी रु १५ अर्ब ५० करोडभन्दा बढी मौज्दात छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार हाल प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा हाल रु ११ अर्ब ६३ करोड ८० लाख ९८० हजार २९१ र हिमालयन

*बाँकी अन्तिम पृष्ठमा*

हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं.
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं.
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं.
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं.
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङ्गमा ध्यान दिऔं.
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं.
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं.
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनधनको क्षतिप्रति पूर्वतयारी आवश्यक

अहिले देशभरि नै वर्षा भइरहेको छ । मौसम पूर्वानुमान महाशाखाले चार दिनसम्म हुने वर्षाले जनधनको क्षति हुन सक्ने सम्भावना व्यक्त गर्दै त्यसबाट बच्न सबैलाई अपील गरेको छ । यता हरेक वर्ष वर्षाको समयमा सप्तरीका विभिन्न स्थान डुवानमा पर्ने गरेको छ । बाढीबाट हुने सक्ने क्षति न्युनिकरणका लागि विभिन्न पालिका तथा विपद् व्यवस्था समिति तयारी अवस्थामा बस्नु पर्ने अवस्था रहेको छ ।

बाढीले विभिन्न खोला, नदीको तटबन्ध भत्काएपछि र पानी मानवबस्तीमा पसेपछि मात्र सम्बन्धित निकाय तातिने परिपाटीलाई यसपटक समाप्त पार्नेतर्फ अग्रसर हुनु आवश्यक छ । वर्षाको मौसममा पानी पर्ने र बढी वर्षा भएको खण्डमा बाढी आउने हामीलाई थाहा छ तर पनि त्यसको पूर्वतयारीमा कोही लाग्दैनन् । धनमालको क्षति तथा मानवीय क्षति हुन नदिन हतार हतारमा अल्पकालिन योजना बनाएर क्षतिग्रस्त स्थानमा पुग्न भ्याउने बानीले समस्याको समाधान नहुने कुरामा कसैको दुईमत नहोला ।

सरोकारवाला निकायले बार्षिक बजेट कार्यक्रममा समस्या समाधानका लागि ठोस नीति बनाएर अघि बढ्नु पर्ने जरुरी छ । त्यसका साथ-साथ विपद् कोष खडा गरि बजेट पनि बिनियोजन गर्नु उत्तिकै आवश्यक रहेको छ । तसर्थ बाढी नियन्त्रण तथा त्यसबाट हुन सक्ने जनधनको क्षतिप्रति पूर्व तयारी आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# विपद्पछिको मानसिक स्वास्थ्य र राज्यको दायित्व

**प्रेमनारायण भुसाल**
काठमाडौँ, ८ असोज (रासस) ।

मानव जीवन सधैँ एउटै लय र सहज गतिमा बग्दैन । सुखपछि दुःख र दुःखपछि सुखको चक्र प्रकृतिमा निरन्तर चलिरहने अकाट्य नियम हो । रातपछि दिन भए झैं प्राकृतिक विपत्ति, महामारी वा गम्भीर दुर्घटना समयसमयमा आइरहन्छन् तर यस्ता विपद्ले मानव जीवनमा छाड्ने प्रभाव सामान्य हुँदैन । धनजनको क्षतिसँगै विपत्तिले मानिसको मन र भावनामा पारेको गहिरो चोटले जनजीवनलाई लामो समयसम्म अस्तव्यस्त बनाइदिन्छ । हालैका दिनमा विपद्पछिको असहज परिस्थितिमा सामाजिक सञ्जालमा प्रसारण गरिने संवेदनहीन र उत्तेजक भिडियो, फोटो तथा भ्रामक सूचनाले पीडितका घाउमा नुनचुक छर्कने काम गरिरहेका छन् । आफन्त गुमाएको असह्य पीडा, शारीरिक कष्ट र अन्योलमा छटपटाइरहेका मानिसका लागि यस्ता नकारात्मक सामग्रीहरू झनै घातक बनिरहेका छन् । यसप्रति सम्बन्धित सबैपक्ष र नागरिक समाज जिम्मेवार हुनु अतिआवश्यक भइसकेको छ ।

कुनै पनि ठूलो विपद् वा दुर्घटनापछि मानिसमा तर्सिनु, अत्यधिक डराउनु, निद्रा नलाग्नु, खान मन नलाग्नु, मान्छे टोलाउनु वा व्यवहारमा अकस्मात् परिवर्तन देखापर्नु नितान्त स्वाभाविक मानिन्छ । मनोवैज्ञानिक सन्दर्भमा यसलाई 'असामान्य परिस्थितिमा देखिने सामान्य प्रतिक्रिया' भनिन्छ । यस्तो अवस्थामा व्यक्तिले आफूलाई एक्लो ठान्नु, निराश हुनु वा दैनिक मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुन नसक्नु सामान्य नै हो ।

हाम्रो पूर्वीय संस्कार र समाजमा पनि यसको आफ्नै मनोवैज्ञानिक तथा व्यावहारिक पक्ष रहेको पाइन्छ । आफन्त गुमाउँदा १३-१४ दिनसम्म शोक मनाउने, दैनिक व्यावहारिक कामबाट अलग रही धार्मिक र आध्यात्मिक क्रियाकलापमा संलग्न हुने तथा इष्टमित्र र नातेदारले भेटघाट गरी सान्त्वना दिने परम्पराले व्यक्तिको मनमा रहेको गहिरो शोकलाई बिस्तारै हलुका बनाउन मद्दत गर्छ । आधुनिक सञ्चारमाध्यम र प्रविधिको तीव्र विकाससँगै अहिले समाजमा एक-दुई दिन वा एकैछिन कोही चिन्तित वा भावुक भयो भने उसलाई मानसिक रोग लाग्यो भन्ने गलत भाष्य सिर्जना भएको छ । सबैभन्दा पहिला हामी के कुरामा स्पष्ट हुनुपर्छ भने मानसिक समस्या एक-दुई दिन वा एकैहप्तामा विकास भइहाल्ने विषय होइन । विपद्को तत्कालीन समयमा व्यक्ति आत्तिनु, हड्बडाउनु वा क्षणिक रूपमा अचेत हुनु पनि एकप्रकारको स्वाभाविक बचाउ प्रतिक्रिया नै हो ।

**कहिले चाहिन्छ संवेगात्मक र मनोवैज्ञानिक सहयोग ?**

विपद्पछिको प्रारम्भिक चरणमा देखिने यस्ता लक्षण साथीभाइसँगको छलफल, आफन्तको ढाडस र दैनिक क्रियाकलापमा संलग्न हुँदै जाँदा बिस्तारै सामान्यीकरण हुँदै जानुपर्छ । सामान्यतया १५ देखि २० दिन वा तीन हप्ताको समयभित्र व्यक्ति बिस्तारै पुरानै लयमा फर्कन थाल्छ । यदि तीन हप्ता (२१ दिन) भन्दा लामो समयसम्म पनि व्यक्ति सामान्य अवस्थामा फर्कन सकेन, निरन्तर टोलाइरह्यो, एक्लै बस्न खोज्यो, अरूसँग कुराकानी गर्नै चाहेन, बाहिरको अवस्था सामान्य भइसक्दा पनि अत्यधिक त्रस्त भइरह्यो र शरीरका अङ्गहरूले असामान्य प्रतिक्रिया दिन थाले भने त्यतिबेला उसलाई संवेगात्मक र मनोवैज्ञानिक सहयोग आवश्यक हुन्छ ।

प्राकृतिक वा अन्य गम्भीर दुर्घटनामा घाइते भएका, विपत्ति प्रत्यक्ष देखेका वा परिवारका सदस्य गुमाएका व्यक्तिमा दीर्घकालीन तनावसँग सम्बन्धित समस्या अर्थात् 'पोस्टट्र्म्याटिक स्ट्रेस डिसअर्डर' देखापर्ने उच्च जोखिम रहन्छ । यस्तो गम्भीर अवस्था सिर्जना हुन नदिनका लागि सुरुआती दिनदेखि नै पूर्वसावधानी र सही तरिका अपनाउनु अत्यावश्यक हुन्छ, जसका लागि मनोवैज्ञानिक प्राथमिक उपचार महत्त्वपूर्ण हुन सक्छ ।

**मनोवैज्ञानिक प्राथमिक उपचार**

विपत्पछिको उद्धारलाई पहिलो प्राथमिकता र उद्धारपछि राहत तथा पुनःस्थापनालाई दोस्रो प्राथमिकता दिँदै गर्दा पीडितको मानसिक स्वास्थ्यलाई जोगाउन विश्वभर मनोवैज्ञानिक प्राथमिक उपचार पद्धति प्रयोगमा ल्याउने गरिएको छ । विसं २०७२ को भूकम्पपछि पनि नेपालमा मनोवैज्ञानिक प्राथमिक उपचार सञ्चालनमा ल्याइएको थियो । पङ्क्तिकार पनि संलग्न रहेको मनोवैज्ञानिक प्राथमिक सहयोगले तनाव व्यवस्थापनमा निकै सहयोग पुऱ्याएको थियो ।

धेरैमा मनोवैज्ञानिक प्राथमिक उपचार भन्नेबित्तिकै यो कुनै ठूलो अस्पतालमा अझ मानसिक अस्पतालमा गरिने जटिल डाक्टरी उपचार वा मानसिक रोगीलाई दिइने औषधि हो भन्ने भ्रम छ । वास्तवमा मनोवैज्ञानिक प्राथमिक उपचार कुनै विशिष्टीकृत मानसिक उपचार पद्धति होइन । जसरी शारीरिक चोट लाग्दा रगत बग्न नदिन वा घाउ बिग्रिन नदिन 'फर्स्ट एड' (प्राथमिक उपचार) गरिन्छ, त्यसैगरी मन र भावनामा परेको आघात गम्भीर मानसिक रोगमा परिणत नहोस् भनेर दिइने रोकथाममूलक साहरा नै मनोवैज्ञानिक प्राथमिक उपचार हो ।

यो उपचार औपचारिक र अनौपचारिक दुवै रूपमा दिन सकिन्छ । अनौपचारिक रूपमा साथीसङ्गति, परिवारका सदस्य वा छरछिमेकीले पीडितका मनभित्र रहेका उकुसमुकुसलाई सुनिदिने र भावनात्मक ढाडस दिने गर्दा मात्रै पनि धेरै समस्या गम्भीर बन्नबाट रोकिन्छन् । त्यस्तै, औपचारिक रूपमा आधारभूत तालिम लिएका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी वा समाजका अगुवाले यो सेवा प्रदान गर्न सक्छन् ।

मनोवैज्ञानिक प्राथमिक उपचारका मुख्य तीन चरणहरू हुन्छन्:

१. अवलोकन गर्ने : सर्वप्रथम प्रभावित व्यक्तिको वर्तमान अवस्थाको अवलोकन गरिन्छ र उसका लागि अहिले अत्यावश्यक कुरा जस्तै सुरक्षित बास, गाँस, कपास वा शारीरिक सुरक्षा के हो, त्यसको पहिचान गरिन्छ ।

२. ध्यानपूर्वक सुन्नेः दोस्रो चरणमा सम्बन्धित व्यक्तिका कुराहरू बिना कुनै मूल्याङ्कन ध्यानपूर्वक सुनिन्छ । यतिबेला पीडितलाई इच्छा नभएका कुराहरू जबर्जस्ती खोतलेर सोध्ने काम पटक्कै गरिनु हुँदैन । उसले स्वयं आफ्ना पीडा वा आफन्तका बारेमा भन्न चाहेमा नजिकै बसेर सहानुभूतिपूर्वक सुनिदिने र ढाडस दिने गर्नुपर्छ ।

३. सम्पर्क र जोड्नेः तेस्रो चरणमा पीडित व्यक्तिलाई उनका प्रियजन, आफन्त, नातेदार वा साथीभाइसँग सम्पर्क गराइन्छ । यदि परिवार र आफन्त उपलब्ध छैनन् भने सामाजिक संस्थाहरू– वा राहत टोलीसँग जोडिन्छ । यसरी मानिससँगको सम्पर्कले पीडितमा जीवनप्रतिको निराशा कम गर्न र मनोबल उच्च पार्न मद्दत गर्छ । यदि व्यक्ति अति नै विच्छिप्त अवस्थामा छ भने उसलाई विशिष्टीकृत स्वास्थ्य सेवाका लागि विशेषज्ञकहाँ 'रिफर' गरिन्छ ।

**के भन्ने, के नभन्ने ?**

विपद्का बेला नबुझीकन बोलिने सान्त्वनाका शब्दहरूले पीडितको मनमा झनै ठूलो आघात पुऱ्याउन सक्छ । त्यसैले मनोवैज्ञानिक प्राथमिक उपचार दिँदा केही निषेधात्मक कुरामा विशेष ध्यान दिनुपर्छ । यस्तो बेला अनावश्यक र झुटा आश्वासन नदिनु हुँदैन । सामाजिक सञ्जाल वा अन्यत्र सहयोगको नाममा मृतक व्यक्ति पनि जीवितै छन् भन्ने भ्रम पारी भेटिन्छन् वा सबै काम हामी नै गरिदिन्छौं भन्नेजस्ता असम्भव र झुटा आश्वासन दिनु हुँदैन । तपाईं त बाँचिहाल्नुभयो नी, मान्छे एकदिन मरेर जाने नै हो, तपाईंको मात्र होइन अरूका पनि मरेका छन् वा तपाईंको भन्दा गम्भीर क्षति र पीडा त अरूलाई परेको छ, अरूले त केही गरेका छैनन् जस्ता असंवेदनशील संवादहरू पटक्कै गर्नु हुँदैन । परामर्शका क्रममा पीडितको रुने अधिकार खोस्ने गल्ती गर्नु हुँदैन । आफन्तको बिछोडमा रोइरहेका मानिसलाई नरोऊ, रुनु हुँदैन भनेर रोक्नु ठूलो गल्ती हो । रुनु र आँसु बहाउनु भनेको मनको पीडा बाहिर निकाल्ने प्राकृतिक माध्यम हो । त्यसैले उनीहरूलाई आफ्ना भावना अभिव्यक्त गर्ने पूर्ण अवसर दिनुपर्छ ।

**राज्य र स्थानीय तहको दायित्व**

विपद् घटेको निश्चित समयपछि समाजमा व्यवस्थित मनोवैज्ञानिक परामर्शको काम सुरु हुनुपर्छ । यसका लागि राज्यले स्थानीय तहलाई पूर्ण रूपमा सहयोग गर्नु आवश्यक छ । स्थानीय तहका माध्यमबाट मनोवैज्ञानिक परामर्शदाता, तालिमप्राप्त जनशक्ति र चिकित्सकलाई प्रभावित क्षेत्र तथा संरक्षण गृहमा खटाउनुपर्छ । संरक्षण गृहमा राखिएका पीडितका लागि मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । खानपान, निद्रा र व्यवहारमा निरन्तर विचलन आएका खण्डमा कहाँ र कसरी सहयोग लिने भन्ने विषयमा उनीहरूलाई सुसूचित गरिनुपर्छ ।

विपद् प्राकृतिक वा भवितव्य हो, जसलाई पूर्ण रूपमा रोक्न सकिँदैन । विपद्पछि सिर्जना हुने मानसिक आघात र त्यसले निम्त्याउने दीर्घकालीन मानसिक रोगहरूलाई भने सही समयको सजगता र मनोवैज्ञानिक प्राथमिक उपचारका माध्यमबाट न्यूनीकरण गर्न सकिन्छ । पीडितलाई झुटा आश्वासन र सहानुभूति होइन, ध्यानपूर्वक सुनिदिने कान, बुझिदिने मन र सुरक्षित वातावरणको खाँचो हुन्छ । आजका सन्दर्भमा सामाजिक सञ्जालको असंवेदनशील प्रयोगलाई नियन्त्रण गर्दै, प्रभावित हरेक स्थानीय तहसम्म सुलभ र प्रभावकारी मनोवैज्ञानिक प्राथमिक उपचार पुऱ्याउनु नै राज्य र नागरिक समाजको पहिलो कर्तव्य हो ।

*(मनोवैज्ञानिक परामर्शदाता हुनुहुन्छ)*

## ताप्लेजुङको दोभान बजारमा आगलागी

ताप्लेजुङ, ८ असोज (रासस) ।

ताप्लेजुङको दोस्रो ठूलो बजारका रूपमा परिचित दोभानमा आगलागी भएको छ । स्थानीय डण्डु शेर्पाको घरबाट सुरु भएको आगलागीले बजार क्षेत्रका केही घर जलेका छन् ।

बिहीबार दिउँसो अचानक आगलागी भएको हो । आगलागीको कारण खुलेको छैन । यद्यपि विद्युत् सर्ट भएको हुन सक्ने अनुमान गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आगलागी नियन्त्रणका लागि प्रहरीको टोली परिचालन गरिएको छ भने स्थानीयवासीले समेत नियन्त्रणको प्रयासमा सहयोग गरिरहेका छन् ।

अन्य घरमा आगो फैलिन नदिन प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब उपरीक्षक कमल बजगाईंले जानकारी दिनुभयो । "घटनास्थलमा दमकलसमेत पठाइएको उहाँले बताउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा

# पत्रकारिताको व्यावसायिकता र संस्थागत गरिमा जोगाउन आत्मसमीक्षा आवश्यक छ : सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाडौं, ८ असोज (रासस)।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पत्रकारिता क्षेत्रको व्यावसायिकता, विश्वसनीयता र संस्थागत गरिमा जोगाउन समग्र पत्रकारिता क्षेत्रले आफ्ना कमजोरीको निर्मम समीक्षा गरी सुधारको बाटोमा अघि बढ्नुपर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ नेपाल टेलिभिजन प्रतिष्ठानद्वारा बुधबार यहाँ आयोजित ‘हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोह २०८३’ लाई सम्बोधन गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता आफैँमा एउटा संस्था भएकाले यसको शाख, मर्यादा र विश्वसनीयता जोगाउने जिम्मेवारी कुनै एउटा व्यक्ति वा संस्थाको मात्र नभई समग्र पत्रकारिता क्षेत्रको भएको बताउनुभयो।

“पत्रकारिता भनेको आफैँमा एउटा संस्था हो। यो संस्थाको गरिमा हामी सबैले सामूहिकरूपमा जोगाउने र यसको स्तर उन्नति गर्ने हो। हाम्रो पत्रकारिताको शाख के कुराले कमजोर बनाइरहेको छ भन्ने कुरा सोच्ने जिम्मेवारी हरेक पत्रकारको हो”, उहाँले भन्नुभयो। सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिताको मूल मर्म र व्यावसायिक मूल्यलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिँदै कस्तो पत्रकारिता र कस्ता सञ्चार संस्था निर्माण गर्ने भन्ने मूल प्रश्नको जवाफ खोज्नुपर्ने बताउनुभयो।

“हामीले कस्तो पत्रकारिता बनाउन खोजेका हौँ, कस्ता संस्था निर्माण गर्न खोजेका हौँ र कस्तो पत्रकारिता क्षेत्र निर्माण गर्न चाहन्छौँ भन्ने मूल प्रश्नको जवाफ दिनुपर्छ”, उहाँले भन्नुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता क्षेत्रको सुरक्षा, व्यावसायिकता र पत्रकारको भविष्यका विषयमा गम्भीर प्रश्न उठिरहेको उल्लेख गर्दै आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेयता यी विषयको समाधानका लागि आवश्यक काम अघि बढाइरहेको बताउनुभयो। उहाँले स-साना समस्यालाई लिएर एकअर्कामाथि आरोप लगाउँदै सडकमा जाने प्रवृत्तिले संस्थागत समस्या समाधान नहुने पनि स्पष्ट पार्नुभयो। उहाँले विधि, विधान र संस्थागत प्रणालीलाई बलियो बनाएर समस्याको समाधान खोज्नुपर्नेमा जोड दिनुभयो।

सार्वजनिक सेवा प्रसारण संस्थालगायत सार्वजनिक सञ्चार संस्थाको अवस्थाबारे पनि गम्भीर समीक्षा आवश्यक रहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो। उहाँले ती संस्थाको लामो इतिहास र नेपाली संगीत, सञ्चार तथा पत्रकारिताको विकासमा रहेको योगदानको स्मरण गर्नुहुँदै पछिल्लो समय ती संस्थाहरू कमजोर अवस्थामा पुग्नुको कारण खोजिनुपर्ने बताउनुभयो।

“अर्बौंको सम्पत्ति भएको एउटा सञ्चार संस्थाले आफ्ना कर्मचारीको पेन्सन र सुविधाका लागि सरकारको अनुहारमा टुलुटुलु हेर्नुपर्ने अवस्था किन आयो? वर्षौंदेखि लेखापरीक्षण हुन नसक्नुको कारण के हो? यी प्रश्नको जवाफ खोज्नुपर्छ”, सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो। रेडियो नेपाल र नेपाल टेलिभिजनका भौतिक पूर्वाधार निजी संस्थाभन्दा कमजोर नरहेको उल्लेख गर्दै उहाँले उपलब्ध पूर्वाधार र स्रोत हुँदाहुँदै पनि संस्था बलियो हुन नसक्नुका कारण संस्थाभित्रै खोजिनुपर्ने बताउनुभयो।

“यी संस्थालाई बलियो हुनबाट रोक्ने के शक्ति थियो? त्यो प्रश्नको जवाफ हामीले भित्रैदेखि खोजेनौं भने कुनै पनि समस्याको समाधान हुँदैन”, उहाँले भन्नुभयो।

संस्थागत सुधारबिना सार्वजनिक सञ्चार संस्था र समग्र पत्रकारिता क्षेत्रलाई बलियो बनाउन नसकिने सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो। उहाँले विगतमा भएका गलत अभ्यास सच्याउन सबै पक्ष तयार हुनुपर्नेमा जोड दिनुभयो।

“हामीले हिजो गरेका गलत कुरालाई सुधार गर्न निर्मम भएर तयार हुनुपर्छ। सबै पक्ष एकै ठाउँमा आएर संस्थालाई बलियो बनाउने सङ्कल्प गर्ने हो भने सुधार गर्न सकिन्छ। सुधार गर्नैपर्छ”, उहाँले भन्नुभयो।

**पत्रकारको सुरक्षा पहिलो प्राथमिकता**

सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता जोखिम मोल्नुपर्ने पेशा भएपनि पत्रकारले आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। जोखिम मोलेर रिपोर्टिङ गर्ने पत्रकारलाई सम्मान गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उहाँले पत्रकारिता जनतालाई सुसूचित गर्ने महत्वपूर्ण जिम्मेवारी भए पनि जोखिम लिनु र अनावश्यक रूपमा जीवन जोखिममा पार्नु फरक विषय भएको बताउनुभयो।

“प्रेस पास भयो भन्दैमा जोखिमबाट नडराउने वा पत्रकार भइसकेपछि आफ्नो जीवनलाई जोखिममा राखेर रिपोर्टिङ गर्नुपर्छ भन्ने सोच राख्नु हुँदैन। सुरक्षा पहिलो कुरा हो”, सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो। सुरक्षा सुनिश्चित गर्ने प्रयास हुँदाहुँदै पनि कतिपय अवस्थामा पत्रकारले जोखिमपूर्ण घटनाको रिपोर्टिङ गर्नुपर्ने अवस्था आउने र त्यसक्रममा अप्रिय घटना हुने गरेको उल्लेख गर्दै उहाँले सम्भव भएसम्म आफ्नो सुरक्षाको ख्याल गर्दै व्यावसायिक जिम्मेवारी निर्वाह गर्न पत्रकारलाई आग्रह गर्नुभयो।

**पाँच पत्रकार पुरस्कृत**

हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कारबाट यसवर्ष पाँच पत्रकार पुस्कृत हुनुभएको छ। विसं २०८२ भदौमा भएको जेनजी आन्दोलनका क्रममा जोखिमपूर्ण रिपोर्टिङ गरेका हिमालय टेलिभिजनका संवाददाता रामचन्द्र अर्याल, क्यामेरा पर्सन दिवाकर पोखरेल तथा कान्तिपुर टेलिभिजनका क्यामेरापर्सन श्याम श्रेष्ठलाई पुरस्कृत गरिएको छ।

त्यस्तै, जलवायु परिवर्तन तथा वातावरणीय जोखिमसम्बन्धी समाचार सामग्रीका लागि नेपाल टेलिभिजनका धादिङ संवाददाता शिव सिलवाल र भक्तपुर संवाददाता अञ्जिर सिंह विकलाई पनि सम्मान गरिएको छ।

हेम भण्डारी र सुनिल सिंहको स्मृतिमा नेपाल पत्रकार महासङ्घ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाले २०६४ सालदेखि हरेक वर्ष असोज ७ गते हेम-सुनिल साहसिक टेलिभिजन पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ। भौतिक तथा अन्य जोखिम मोलेर साहसिक पत्रकारिता गर्ने टेलिभिजन पत्रकारलाई यो पुरस्कार प्रदान गरिन्छ। विसं २०६३ असोज ७ गते ताप्लेजुङको घुन्सामा भएको हेलिकप्टर दुर्घटनामा पत्रकार हेम भण्डारी र सुनिल सिंहको निधन भएको थियो। उहाँहरू वातावरणविद् तथा अन्य विशिष्ट व्यक्तित्वसँगै समाचार सङ्कलनका लागि त्यस क्षेत्रमा पुग्नुभएको थियो।

# सात प्रदेशका २७ स्थानमा खेलकुद पूर्वाधार निर्माण गरिने

काठमाडौं, ८ असोज (रासस)।

सरकारले सातै प्रदेशका २७ स्थानमा नयाँ खेलकुद पूर्वाधार निर्माण गर्ने भएको छ। खेलकुद पूर्वाधार सुदृढीकरण तथा नयाँ निर्माणका लागि शिक्षा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् (राखेप) र सहरी विकास तथा भवन निर्माण विभागबीच समझदारी भएको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा बिहीबार मन्त्रालयमा आयोजित कार्यक्रममा राखेप र सहरी विकास तथा भवन निर्माण विभागबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो। समझदारीअनुसार पहिलो चरणमा सातै प्रदेशमा क्रिकेट रङ्गशाला, फुटबल रङ्गशाला र कभर्ड हललाई प्राथमिकतामा राखेर खेलकुद पूर्वाधार निर्माण गरिने मन्त्री पोखरेलले बताउनुभयो।

“सरकारले पहिलेदेखि देखेको ग्रासरुटबाट खेलाडी उत्पादन गर्ने सपनामा हामी एक कदम अगाडि बढेका छौं,” मन्त्री पोखरेलले भन्नुभयो। विद्यालय तहबाटै खेलकुदप्रति आकर्षण बढाउन नयाँ पूर्वाधार निर्माणले सहयोग पुग्ने उहाँको विश्वास छ।

मन्त्री पोखरेलले पाठ्यक्रममा खेलकुदलाई जोड्ने सरकारको योजनाअनुसार पाठ्यक्रम पुनर्निर्माणको काम भइरहेको र त्यसका लागि खेलाडीलाई समेत पाठ्यक्रम निर्माण कार्यदलमा सहभागी गराइएको जानकारी दिनुभयो। उहाँका अनुसार विभिन्न प्रदेश तथा जिल्लामा पर्याप्त खेलकुद पूर्वाधारको अभाव रहेकाले ग्रासरुट तहबाट खेलाडी उत्पादनमा समस्या हुँदै आएको छ। सोही अवस्थालाई सम्बोधन गर्न पहिलो चरणमा सातै प्रदेशमा विभिन्न खेल सञ्चालन गर्न सकिने गरी पूर्वाधार निर्माण गर्न लागिएको हो।

राखेपका सदस्यसचिव रामचरित्र मेहताले नयाँ तथा अत्याधुनिक खेलकुद पूर्वाधार निर्माण गर्ने लक्ष्यसहित भएको साझेदारीले नेपालको खेल क्षेत्रको विकासमा योगदान पुग्ने बताउनुभयो। सरकारले चालु आर्थिक वर्षको बजेटमा नयाँ खेलकुद पूर्वाधार निर्माणका साथै विद्यमान पूर्वाधारको मर्मत, सम्भार, पुनर्निर्माण, स्तरोन्नति तथा सुदृढीकरणलाई प्राथमिकता दिएको छ।

बजेटअनुसार आगामी तीन वर्षभित्र कम्तीमा आठ हजार दर्शक क्षमताका १० फुटबल रङ्गशालाको स्तरोन्नति गर्ने तथा प्रमुख आठ सहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रङ्गशाला निर्माण गर्ने लक्ष्य छ।

त्यस्तै विराटनगर, लहान, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा कम्तीमा दुई हजार दर्शक क्षमताका इन्डोर मल्टिपर्पोज स्टेडियम आगामी तीन वर्षभित्र निर्माण गर्ने योजना छ। मूलपानी क्रिकेट रङ्गशाला निर्माणका लागि डिजाइन पुनरावलोकन गरी लगानी मोडालिटी तय गर्ने विषयसमेत बजेटमा समेटिएको छ। सरकारले खेलकुद पूर्वाधारलाई युवा विकास र स्थानीय अर्थतन्त्रसँग जोड्ने नीति लिएको जनाएको छ।

## विश्व समाचार

### युक्रेन युद्धमा ४७ देशका नागरिक संलग्न भएको जेलेन्स्कीको दाबी

संयुक्त राष्ट्रसङ्घ/सोल, ८ असोज (रासस/एपी/एएफपी)।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसले युक्रेनविरुद्धको युद्धमा ४७ देशका नागरिकलाई लडाकूका रूपमा प्रयोग गरिरहेको दाबी गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै उहाँले रुससँग सैन्य सहकार्य गरिरहेको उत्तर कोरियाका दुई सैनिकलाई युक्रेनले पक्राउ गरी दक्षिण कोरिया पठाएको जानकारी दिनुभयो।

जेलेन्स्कीले घाना, नेपाल र भारतलगायत देशका नागरिक रुसी पक्षबाट युद्धमा संलग्न रहेको दाबी गर्नुभयो। उहाँका अनुसार सन् २०२५ मा रुसको कुर्स्क क्षेत्रमा पक्राउ परेका दुई उत्तर कोरियाली सैनिकलाई हालै दक्षिण कोरिया पठाइएको हो।

दक्षिण कोरियाको विदेश मन्त्रालयले सैनिकहरूलाई युक्रेनबाट दक्षिण कोरिया पठाइएको विषयमा प्रत्यक्ष पुष्टि गरेको छैन। यद्यपि युक्रेन तथा सम्बन्धित पक्षसँग सैनिकहरूको स्वतन्त्र इच्छाको सम्मान र अन्तर्राष्ट्रिय कानून तथा मानवीय सिद्धान्तअनुसार विषय टुङ्ग्याउन परामर्श भइरहेको जनाएको छ। सैनिकहरूको स्थानान्तरणसम्बन्धी विवरण भने संवेदनशील विषय भन्दै सार्वजनिक गरिएको छैन।

रुस र उत्तर कोरियाले सन् २०२५ को अप्रिलमा आफ्ना सैनिकले कुर्स्क क्षेत्रमा युक्रेनविरुद्ध सँगै लडेको पुष्टि गरेका थिए। दक्षिण कोरियाली गुप्तचर निकायले उत्तर कोरियाले सन् २०२४ को अक्टोबरदेखि रुसमा करिब १५ हजार सैनिक पठाएको र त्यसमध्ये करिब दुई हजारको मृत्यु भएको अनुमान गरेको थियो।

यसैबीच, जेलेन्स्कीले फिनल्यान्ड, अस्ट्रेलिया तथा अन्य साझेदारसँग ड्रोन र सुरक्षा सहकार्य विस्तार भइरहेको बताउनुभयो। क्यानाडासँग पनि ड्रोनसम्बन्धी सम्झौताको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

आगामी हिउँदमा रुसी ताप तथा ऊर्जा पूर्वाधारलाई लक्षित गर्न सक्ने चेतावनी दिँदै उहाँले रुसले युक्रेनका नागरिक ताप तथा इन्धन पूर्वाधारमा आक्रमण गर्दै आएको दाबी गर्नुभयो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले रुस र युक्रेनलाई एकअर्काको ऊर्जा पूर्वाधारमा आक्रमण नगर्न वासिङ्टनले दबाब दिइरहेको बताउनुभएको केही घण्टापछि उहाँको यस्तो भनाइ आएको हो।

जेलेन्स्कीले युक्रेनको उद्देश्य रुसको पेट्रोल तथा डिजेल आपूर्ति नष्ट गर्नु नभई युद्धका लागि आवश्यक आम्दानीको प्रमुख स्रोतमा असर पार्नु रहेको स्पष्ट पार्नुभयो। उहाँले रुससँगको व्यापारबाट प्राप्त आम्दानीले युद्ध लम्बिन सक्ने दाबी गर्दै व्यापार सीमित गर्न आग्रह गर्नुभयो।

### तीन सञ्चारमाध्यमलाई ह्वाइट हाउस प्रवेश खुला

न्युयोर्क, ८ असोज (रासस/एपी)।

अमेरिकी सङ्घीय न्यायाधीशले राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले सीएनएन, एमएस नाउ र पोलिटिकोका पत्रकारलाई ह्वाइट हाउस प्रवेशमा लगाएको प्रतिबन्ध अस्थायी रूपमा रोक्दै उनीहरूको पहुँच पुनःस्थापित गर्न आदेश दिएका छन्।

अमेरिकी जिल्ला न्यायाधीश टिमोथी केलीले जारी गर्नुभएको आदेश १४ दिनसम्म लागू हुनेछ। उहाँले सञ्चारमाध्यमहरूले प्रतिबन्धविरुद्ध अस्थायी रोक आदेश प्राप्त गर्न आवश्यक कानूनी आधार पूरा गरेको बताउनुभएको छ। उहाँका अनुसार प्रतिबन्धले सञ्चारमाध्यमलाई अपूरणीय क्षति पुग्न सक्ने अवस्था देखिएको छ।

तीनै सञ्चारमाध्यमले समाचारको विषयवस्तुका कारण आफूहरूलाई लक्षित गरिएको दाबी गर्दै प्रतिबन्धले अमेरिकी संविधानको पहिलो संशोधनअन्तर्गत प्राप्त प्रेस स्वतन्त्रताको अधिकार उल्लङ्घन गरेको जिकिर गरेका थिए। न्यायाधीश केलीले प्रशासनले पत्रकारको प्रवेश रोक्नुअघि पर्याप्त कानूनी प्रक्रिया पूरा गरेको थियो कि थिएन भन्ने विषयमा समेत प्रश्न गर्नुभएको थियो।

राष्ट्रपति ट्रम्पले ती सञ्चारमाध्यमलाई ‘झुटा समाचार’ प्रकाशन तथा प्रसारण गरेको आरोप लगाउँदै प्रवेशमा प्रतिबन्ध लगाउनुभएको थियो। प्रशासनले भने प्रतिबन्ध समाचारको विषयवस्तुका कारण नभई राष्ट्रिय सुरक्षालगायत कारणले लगाइएको दाबी गरेको छ।

सुनुवाइमा सञ्चारमाध्यमका अधिवक्ता थियोडोर बोउट्रस जुनियरले महत्वपूर्ण समाचारका समयमा पहुँच रोकिँदा अपूरणीय क्षति हुने तर्क गर्नुभएको थियो। सरकारका अधिवक्ता माइकल भेल्चिकले भने ह्वाइट हाउसमा कसलाई प्रवेश दिने भन्ने निर्णय गर्ने अधिकार राष्ट्रपतिसँग रहेको जिकिर गर्दै ‘ह्वाइट हाउसमा पहुँच एउटा विशेषाधिकार हो, अधिकार होइन’ भन्नुभएको थियो।

न्यायाधीश केलीलाई राष्ट्रपति ट्रम्पले सन् २०१७ मा सङ्घीय न्यायाधीशमा नियुक्त गर्नुभएको थियो। उहाँले यसअघि सीएनएनका पत्रकार जिम एकोस्टाको ह्वाइट हाउस प्रवेश अनुमति पुनःस्थापित गर्न आदेश दिनुभएको थियो।

# अविरल वर्षासँगै सतर्क रहन मौसमविद्को आग्रह

काठमाडौँ, ८ असोज (रासस)। आगामी शनिबारसम्म विभिन्न स्थानमा वर्षाको गतिविधि बढ्ने सम्भावना रहेको मौसमविद्ले जनाउँदै बाढी, पहिरो तथा भारी वर्षाको सम्भावित असरबाट जोगिन सतर्कता अपनाउन आग्रह गरेका छन् ।

नेपाल मौसम विज्ञान विभागका मौसमविद् डेविड ढकालले अहिलेको अवस्थालाई लिएर अत्यधिक डराउनुपर्ने अवस्था नरहेको स्पष्ट पार्दै मौसमसम्बन्धी सूचनालाई भने नियमित रूपमा अद्यावधिक गनुपर्छ भन्नुभयो ।

"वर्षा हुने सम्भावना देखिएकाले सतर्कता अपनाउनुपर्ने आवश्यकता छ, तर अत्यधिक डराउनुपर्ने अवस्था देखिएको छैन," उहाँले भन्नुभयो, "मौसम छिनछिनमा परिवर्तन हुनसक्ने भएकाले न्यूनचापीय प्रणालीको निरन्तर निगरानी गरिरहेका छौँ र यसको प्रभावबारे नियमित रूपमा अद्यावधिक सूचना सार्वजनिक गर्दै जानेछौँ ।"

उहाँका अनुसार बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणाली गहिरो न्यूनचापीय प्रणालीमा परिणत भई भारतको उत्तरी आन्ध्र प्रदेश तथा दक्षिणी ओडिसा आसपास जमिनमा प्रवेश गरेको छ । उक्त प्रणालीका कारण जलवाष्पयुक्त हावा नेपालतर्फ आइरहेकाले वर्षाको गतिविधि बढेको उहाँले बताउनुभयो ।

हाल कर्णाली प्रदेशदेखि पूर्वी भू-भागसम्म सामान्यतया बादल लागेको र गण्डकीको पूर्वी भू-भाग, लुम्बिनी, बागमती, कोशी तथा मधेस प्रदेशका विभिन्न स्थानमा वर्षा भइरहेको उहाँले जानकारी दिनुभयो ।

पछिल्लो २४ घण्टामा कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा भएको तथा पाल्पा, अर्घाखाँची र कपिलवस्तु आसपास भारीदेखि धेरै भारी वर्षा भएको छ । ती क्षेत्रमा अधिकतम करिब १६४ मिलिमिटरसम्म वर्षा भएको उहाँको भनाइ छ ।

मौसमविद् ढकालका अनुसार बिहीबार लुम्बिनी प्रदेशदेखि पूर्वी भू-भागका धेरै स्थानमा मध्यम वर्षाको सम्भावना छ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने तुलनात्मक रूपमा कम भूभागमा वर्षा हुने देखिएको छ ।

"बिहीबार कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । ती प्रदेशका तराई भू-भागमा केही स्थानमा सामान्यभन्दा केही बढी हावाहुरी चल्नसक्ने सम्भावना देखिएको छ," उहाँले भन्नुभयो, "शुक्रबार वर्षाको गतिविधि अझ बढी हुने सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेकाले ती क्षेत्रमा विशेष सतर्कता आवश्यक रहेको छ ।"

शुक्रबार कर्णाली प्रदेशदेखि पूर्वी भू-भागसम्म वर्षा केन्द्रित हुने र केही स्थानमा भारी वर्षाको सम्भावना रहेको उहाँको भनाइ छ । मौसम पूर्वानुमानमा सुन्तला रङले देखाइएका क्षेत्रमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउनुपर्ने उहाँले बताउनुभयो ।

मौसमविद् ढकालले शनिबार भने वर्षाको गतिविधि क्रमशः पश्चिमतर्फ केन्द्रित हुने देखिएको र गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेको जानकारी दिनुभयो । उहाँका अनुसार ती क्षेत्रमा उच्च सतर्कता आवश्यक रहेको र गण्डकीदेखि पश्चिमका विभिन्न भू-भागमा वर्षाको गतिविधि बढ्ने सम्भावना छ ।

# सार्वजनिक ऋण २९ खर्ब ७३ अर्ब नाघ्यो

काठमाडौँ, ८ असोज (रासस)। सरकारले तिर्न बाँकी कुल सार्वजनिक ऋणको दायित्व रु २९ खर्ब ७३ अर्ब पाँच करोड ९२ लाख पुगेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा सरकारले तिर्न बाँकी कुल ऋण दायित्व मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ प्रतिशत नाँघेको हो ।

कार्यालयका अनुसार आन्तरिकतर्फ रु १३ खर्ब ६१ अर्ब ८७ लाख र बाह्य ऋण दायित्वतर्फ रु १६ खर्ब ११ अर्ब १८ करोड ८३ लाख बराबर छ । जिडिपीका आधारमा आन्तरिक ऋण दायित्वको प्रतिशत २० दशमलव ६३ र बाह्य ऋण दायित्व २४ दशमलव ४१ प्रतिशत हुन आउँछ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु छ खर्ब ५८ अर्ब २८ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा गत भदौ मसान्तसम्ममा रु ६१ अर्ब पाँच करोड ऋण प्राप्ति भइसकेको छ । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको कुल सार्वजनिक ऋण प्राप्ति नौ दशमलव २८ प्रतिशत बराबर हो ।

कार्यालयका अनुसार यसवर्ष सरकारले आन्तरिकतर्फ रु चार खर्ब १० अर्ब र बाह्यतर्फ रु दुई खर्ब ४८ अर्ब २८ लाख ऋण उठाउने लक्ष्य राखेको छ । जसमध्ये भदौ मसान्तसम्ममा आन्तरिकतर्फ रु ५० अर्ब र बाह्य ऋणतर्फ रु ११ अर्ब पाँच करोड उठाइएको छ ।

यस अवधिसम्ममा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीको लागि पनि ठूलो रकम खर्च भएको छ । कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्षका लागि सरकारी ऋणको साँवा र ब्याज तिर्न रु चार खर्ब १७ अर्ब ८८ करोड बजेट विनियोजन भएको छ । जसमध्ये भदौ मसान्तसम्ममा रु ८५ अर्ब एक करोड छ लाख भुक्तानी भईसकेको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा २० दशमलव ३४ प्रतिशत बराबर हो । कुल गार्हस्थ्य उत्पादनको आधारमा भदौ मसान्तसम्ममा कुल ऋण सेवा खर्च एक दशमलव २९ प्रतिशत रहेको छ ।

# मधेस प्रदेशद्वारा प्रहरीलाई ३५ थान मोटरसाइकल हस्तान्तरण

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ८ भदौ ।** मधेस प्रदेश सरकारले नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल प्रदान गरेको छ ।

मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयमा बुधबार आयोजित एक कार्यक्रमबीच गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल हस्तान्तरण गरे ।

शान्ति सुरक्षा, विपद् व्यवस्थापन र नागरिकसँगको पहुँच बढाउन मधेस प्रदेश अन्तर्गतका प्रहरी कार्यालयहरूका लागि मन्त्री महतोले गाडीको साँचो हस्तान्तरण गरेका हुन् ।

नागरिकको सुरक्षाका लागि दिनरात खटिरहने सुरक्षा निकायलाई सवारीसाधनको अभावमा नियमित गस्ती गर्न समस्या भइरहेकाले मन्त्रालयबाट खरिद गरी सवारीसाधन हस्तान्तरण गरिएको मन्त्री महतोले बताए । केही दिनभित्रै सशस्त्र प्रहरी बललाई समेत मोटरसाइकल उपलब्ध गराउने उनले जनाए ।

# एम्बुलेन्सबाट साढे चार क्विन्टल गाँजा बरामद

**दैनिक समाचारदाता**
**सुनसरी, ८ असोज ।** सुनसरीको इटहरी उपमहानगरपालिका २० तरहराबाट प्रहरीले साढे चार क्विन्टल गाँजासहित एम्बुलेन्स नियन्त्रणमा लिएको छ ।

प्रहरीचौकी तरहराबाट खटिएको टोलीले गए राति पूर्व-पश्चिम कोशी लोकमार्गअन्तर्गत तरहरा-पानीपिया जङ्गलबाट बा२च ९५७३ नम्बरको एम्बुलेन्सबाट उक्त परिमाणको गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले बताए ।

'त्रिवेणी सांस्कृतिक समूह' लेखिएको उक्त एम्बुलेन्स शङ्कास्पद अवस्थामा देखिएपछि जाँच गर्दा प्लास्टिकका पोकामा लुकाइराखिएको अवस्थामा गाँजा फेला परेको सूचना अधिकारी खड्काले जानकारी दिए ।

बरामद गाँजा र एम्बुलेन्सलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय इटहरीमा राखी थप अनुसन्धान भइरहेको छ । फरार एम्बुलेन्स चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# कांग्रेसको पालिकाअन्तर्गत ६६ जिल्लाका ६३० मा निर्वाचन सम्पन्न

काठमाडौँ, ८ असोज (रासस)। नेपाली कांग्रेसको यही असोज १६ देखि १९ गतेसम्म हुन गइरहेको १५औँ महाधिवेशनअन्तर्गत आजसम्म ६६ जिल्लाका ६३० पालिकामा निर्वाचन सम्पन्न भएको छ ।

यस बीचमा विभिन्न स्थानमा भारी वर्षा भइरहेकाले अधिवेशन प्रक्रियामा कठिनाइ भइरहेको निर्वाचन अधिकृतहरूबाट जानकारी प्राप्त भएको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ ।

पार्टीको निर्वाचन समितिले सो अवस्थामा मौसम विभागले सूचना जारी गरेको सन्दर्भलाई पनि दृष्टिगत गरी यही असोज १० गतेका लागि तोकिएको प्रदेशसभा एवं प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनका निर्वाचन कार्यक्रम अनुकूलताअनुसार गर्न यही असोज १३ गतेभित्र गरिसक्न निर्देश गरेको छ ।

# देउवा समूहले समानान्तर महाधिवेशन गर्न ७६ जिल्लामा केन्द्रीय प्रतिनिधि तोक्यो, सप्तरीमा मञ्जु यादवलाई जिम्मेवारी

**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।** नेपाली कांग्रेसको निवर्तमान सभापति शेरबहादुर देउवा समूहले समानान्तर महाधिवेशन गर्न ७६ जिल्लामा केन्द्रीय प्रतिनिधि तोकेको छ ।

पूर्वमहामन्त्री डा. शशांक कोइरालालाई महाधिवेशन आयोजक समितिको संयोजक बनाएको समूहले असोज १५ गतेदेखि वडा अधिवेशन सुरु गरेर आगामी मंसिर २१ देखि २३ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

संयोजक डा. कोइरालाले संयोजकका हैसियतमा हस्ताक्षर गरेर ७७ मध्ये ७६ जिल्लामै केन्द्रीय प्रतिनिधि खटाएका छन् । रुकुम पश्चिममा भने केन्द्रीय प्रतिनिधि खटाइएको छैन

मधेस प्रदेशमा सप्तरीमा मञ्जु यादव, सिरहामा सन्तोष चौधरी, धनुषामा हरेश प्रसाद महतो, महोत्तरीमा उषा राउत, सर्लाहीमा सपुत कार्की, रौतहटमा मो. मोख्तार अहमद, बारामा रमेशकुमार निरौला र पर्सामा सुरेन्द्र न्यौपाने केन्द्रिय प्रतिनिधि तोकिएका छन् ।

समूहका नेता दीपक खड्काका अनुसार समूहले कोशी प्रदेशका ताप्लेजुङमा प्रताप प्रकाश हङ्गाम, पाँचथरमा सुर्यकुमार दाहाल, इलाममा सुजाता परियार केन्द्रिय प्रतिनिधि तोकिएका छन् ।

त्यस्तै झापामा कृष्ण हमागाईं, संखुवासभामा दिपक खड्का, तेह्रथुममा केशव ढुंगाना, भोजपुरमा उत्तम चापागाईं, धनकुटामा कमोट फागु, मोरङमा केदार कार्की, सुनसरीमा लक्ष्मी खतिवडा, सोलुखुम्बुमा सुभराम बस्नेत, खोटाङमा सरस्वती बजीमय, ओखलढुंगमा गोमा केसी र उदयपुरमा नारायण बहादुर कार्की केन्द्रीय प्रतिनिधि तोकिएका छन् ।

बागमती प्रदेशमा दोलखामा कुन्दनराज काफ्ले, रामेछाप पूर्णमान तामाङ (कान्छाराम), सिन्धुलीमा सरोजकुमार थापा, रसुवामा बालचन्द्र शर्मा, धादिङमा धर्मराज अर्याल, नुवाकोटमा ध्रुव अधिकारी, सिन्धुपाल्चोकमा मोहनबहादुर बस्नेत, काभ्रेमा शिवप्रसाद हुमागाई, चितवनमा कञ्चनचन्द्र वादे, मकवानपुरमा मदनबहादुर अमात्य, भक्तपुरमा दयामान कर्माचार्य, ललितपुरमा मदनबहादुर अमात्य र काठमाडौंमा कल्याणी रिजाल केन्द्रीय प्रतिनिधि तोकिएका छन् ।

गण्डकी प्रदेशमा गोरखामा नवराज गुरुङ, लमजुङमा पुष्प पराजुली, तनहुँमा मणिभद्र शर्मा, कास्कीमा शंकर भण्डारी, मनाङमा सीता देवकोटा, मुस्ताङमा किरण पौडेल, पर्वतमा पोषनाथ शर्मा, स्याङजामा प्रा.डा. राजेन्द्रराज वाग्ले, म्याग्दीमा ऋषी काफ्ले, बागलुङमा जीत शेरचन र नवलपुरमा गुरु बराल प्रतिनिधि तोकिएका छन् ।

लुम्बिनी प्रदेशमा नवलपरासीपश्चिममा विकास घिमिरे, रुपन्देहीमा गुणाकर भुर्तेल, कपिलवस्तुमा राजेश सिंह, पाल्पामा माधव नेपाल अर्घाखाँचीमा वाबुराम पौडेल, गुल्मीमा वेदबहादुर थापा, रुकुम (पूर्व) दत्तबहादुर बस्नेत,

रोल्पामा मान बहादुर खत्री, प्यूठानमा ईश्वर सिंह विष्ट, दाङमा गोपाल राज शर्मा बाँकेमा सुदिप नरसिंह राणा र बर्दियामा जग्गा पाण्डे केन्द्रीय प्रतिनिधि तोकिएक छन् ।

कर्णाली प्रदेशमा रुकुम (पश्चिम)मा बाहेक अन्यत्र केन्द्रीय प्रतिनिधि तोकिएको छ । सल्यानमा दिपक चन्द, डोल्पामा भैरव बहादुर शाही, जुम्लामा दीपेन्द्र हमाल, मुगुमा तिलकवहादुर मल्ल, हुम्लामा वखतवहादुर शाही, कालिकोटमा दमन वहादुर शाही, जाजरकोटमा ज्ञानवहादुर शाही, दैलेखमा एकेन्द्र वहादुर पन्त र सुर्खेतमा महेन्द्र शाही केन्द्रीय प्रतिनिधि तोकिएका छन् ।

सुदूरपश्चिम प्रदेशमा वाजुरामा हर्कजंग वहादुर सिंह, बझाङमा सिताराम जोशी, डोटीमा अर्जुन तामाकार, अछाममा कवीराज पण्डीत, दार्चुलामा सन्तोष ऐतवाल, बैतडीमा चित्तामणी भट्ट, डडेलधुरामा टेक वहादुर रैका, कञ्चनपुरमा प्रदीप देउवा र कैलालीमा देवराज जोशी, तोकिएको रातोपाटीले जनाएको छ ।

### *ताप्लेजुङको दोभान ...*

आगलागीले कति घर जलेका भन्ने विवरण आएको छैन । आगो अहिले पनि लागिरहेको स्थानीयले बताएका छन्", उहाँले भन्नुभयो ।

यसअघि पनि विसं २०७७ मा दोभान बजारमा आगलागी भएको थियो । मेरिङदेन गाउँपालिका-३ मा पर्ने दोभान बजार जिल्लाकै दोस्रो ठूलो व्यापारिक केन्द्रका रूपमा परिचित छ ।

### *प्रधानमन्त्री राहत ...*

बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा दुई करोड ५४ लाख ४७ हजार ५४६ अमेरिकी डलर मौज्दात छ । सबै खातामा गरी रु १५ अर्ब ५३ करोड २४ लाख ४२ हजार ९६२ मौज्दात छ ।

सरकारले उक्त कोषमा जम्मा भएको रकमबाट यसअघि रु एक अर्ब बाढी प्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ ।

प्रधानमन्त्री कार्यालयका अनुसार पछिल्लो २४ घण्टामा कोषमा रु २० करोड ७२ लाख ५६ हजार ९३१ जम्मा भएको छ ।

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*